# *आजका अन्तिम दिनहरूको लागि:* हिब्रूको पुस्तकबाट सन्देश

*(In These Last Days:* ***The Message of Hebrews)***

## (मिशन समाचार सहित)


लेखकः

फेलिक्स कोर्टेज-भाल्स

(Felix Cortez-Valles)

भावानुवादकः

भजुराम तखाछैं श्रेष्ठ



हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०२२ (बि.सं. २०७७)

ईन्टरनेट वेबसाईट : https://www.nepalworks.com/bhajupurna
https://www.sabbathschoolpersonalministries.org/international

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**

प्रथम संस्करण : २०७७ (ई.सं. २०२२)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४३२२८६०६
वितरकः कुबेर लामिछाने, ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## आजका अन्तिम दिनहरूको निम्तिः हिब्रूको पुस्तकको सन्देश

चर्चमा उसले पहिलो पल्ट उनलाई देखेको थियो। ऊ आफ्नो काममा व्यस्त थियो र के के गर्नुपर्छ भन्ने सोचमा ऊ डुबिरहेको थियो। तब उसले जे देख्यो त्यसले उसको ध्यान पुग्यो। त्यहाँ उसले दुई मिटरभन्दा अलिकति सानो सानो र तीन मिटर चौडाइ भएको चित्र देख्यो। त्यहाँ एक जना युवतीको यस्तो अनौठो र आकर्षित चित्र थियो जसलाई युवकको आँखामा मोहनी लागेको जस्तै हेरिरहुँ जस्तो झुण्डिएको हुन्थ्यो। त्यस युवतीको चित्रबाट उसले आफ्नो आँखा किन झिम्क्याउन सकेन? त्यसमा के थियो? एक छिन वाल्ल परेर त्यस चित्रमा हेरेपछि र त्यसमा के छ सो सोचेपछि उसलाई महसुस भयो कि त्यस युवतीको आँखामा पो टोलाएर उसले हेर्न पुगेको रहेछ। चित्रलेचाहिँ केवल उनको अनुहारमात्रै देखाएको थियो तर त्यस चित्रको युवतीले कुनै थोकमा एक चित्त लगाएर हेरिरहेकी थिइन्। तर कसमा र किन उनले टोलाएर हेरेकी जस्तै थिइन्? त्यसपछि पनि त्यस युवतीको चित्र उसको दिमागबाट धेरै समयसम्म हटाउन सकेन।

धेरै वर्षपछि त्यस चित्रको चित्रकार, आर्नोल्ड जिमेनजीले त्यस चित्रको बारेमा केही रहस्यहरू उसलाई प्रकट गरे। त्यस चित्रको उद्देश्य थियो कि त्यसलाई हेर्नेहरूले उनको आँखामा हेरुन् तर खास रहस्यचाहिँ उनको आँखाको नानी वा पुतलीमा थियो। यदि त्यस चित्रलाई नजिकैमा हेर्दा थाहा हुन्छ कि उनले कसलाई हेरिरहेकी थिइन् त्यसलाई उनको नानीले प्रतिबिम्बित गरिरहेको थियो। उनको आँखाले उनको नजिकको भित्तामा रहेको क्रुसमा टाँगिएको येशूलाई हेरिरहेको थियो।

हिब्रूको पुस्तकमा जसरी येशूको चित्रण गरिएको छ, त्यसलाई हामीले हेर्दा हामीले पनि उहाँलाई एक टक लगाएर आँखै झि666म्म नगरिकन हेर्न हेरिरहुँ जस्तो लाग्दछ र उहाँले हामीलाई मोहनी लगाएको जस्तै अनुभव गर्न सक्छौं। हिब्रूको पुस्तकमा येशूको बारेमा धेरै चित्रण गरिएको छ वा उहाँ यथार्थमा को हुनुहुन्छ भनेर हामीलाई जोरकातोरले बुझाउन खोजिएको पाउँछौं। त्यस पुस्तकमा येशूको बारेमा सर्वप्रथम् त सारा जगतको शासक जो परमेश्वरको दाहिने हातमा भएको सिंहासनमा बिराजमान हुनुभएको छ भनेर उहाँको सर्वोच्च अधिकार र शक्तिको चित्रण गरिएको छ। अनगिन्तियौं

स्वर्गदूतहरू उहाँको यशको स्तुति गाइरहेका हुन्छन्, उहाँको आराधना गरिरहेका हुन्छन् र उहाँको सेवा गरिरहेका हुन्छन् (हिब्रू १:५-१४, हिब्रू १२:२२-२४)। शासन गर्ने अधिकार उहाँले पाउनुभएको थियो किनकि उहाँको आफ्नै मृत्युले सैतानको बिनाशलाई सुनिश्चित गरिएको छ (हिब्रू २:१४-२४)। येशूलाई महापूजारीको स्थानमा उचालिएको छ। उहाँ पापरहित र सिद्ध पवित्र हुनुहुन्छ। हाम्रो निम्ति उहाँले स्वर्गमा रहेको पवित्रस्थानमा सधैं सेवा गर्न तत्पर रहनुहुन्छ (हिब्रू ७:२६-८:५)। त्यो अधिकार उहाँले पाउनुभयो किनभने उहाँ आफै सिद्ध हुनुभएकोले। एक फेरा गरिएको उहाँको सिद्ध बलि सदाको निम्ति थियो। त्यो बलि समस्त मानव प्राणीको निम्ति थियो (हिब्रू १०:१-१४)। परमेश्वर र उहाँका जनहरूको बीचमा नयाँ करारको मध्यस्थता पनि येशूले गर्नु भएको थियो जुन सदाकाल रहनेछ (हिब्रू ८:६-१३)।

येशूले के गर्नुभयो त्यसमामात्रै पाठकहरू आकर्षित हुने होइन, तर उहाँको हुनुहुन्छ भनेर हिब्रूको पुस्तकमा सफल चित्रण गरिएकोले छ। उहाँ शुक्राणु हुनुभएर स्त्रीको गर्भमा पस्नुभयो र उनको गर्भबाट बाहिरिनुभयो वा लोकप्रिय भाषामा, जन्मिनुभयो। हामी जस्तै उहाँ परिक्षामा पर्नुभयो र सबैले उहाँलाई छि:छि दूर गरे वा हेपे। यद्यपि, उहाँ सारा जगतको शक्तिको केन्द्रमा रहिरहनुहुन्छ। स्वर्गका अचम्म र विभिन्न जीवहरूको बीचमा उहाँ रहनुभएको स्वर्गको दृश्यलाई कल्पना गर्दै हेर्न सक्यौं भने हाम्रा आँखाहरू उहाँमा केन्द्रविन्दु भएर आकर्षित हुन सक्छ। अचम्म कुरो त के छ भने, उहाँ हामी जस्तै देखिनुहुन्छ किनभने उहाँ हामीमा एक हुनुभयो। हामीहरूको पाप, अधर्म, पतन र लज्जास्पद जीवन भएतापनि हाम्रो प्रतिनिधित्व गर्ने ठूलो दाजु येशू स्वर्गमा हुनुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ।

येशूको व्यक्तित्वलाई मुक्तिको आँखाले हेर्दा उहाँमा तीन पक्ष वा आयामहरू हामी पाउँछौं। प्रथमतः उहाँको स्थानीय र व्यक्तिगत पक्ष। येशूभक्तको जीवनमा थकान, पेलान, गलान भएका निन्दा र बदनामले लादिएको र (बिदेशी धर्म भनेर हेपिने)को निम्ति (हिब्रू १०:३२-३४), येशू हाम्रो बिश्वास वा आस्थाको लेखक वा सुरुवात र परिपक्व वा सिद्ध पार्ने हुनुहुन्छ। पापी र धर्मको नाउँमा अत्याचार गर्नेहरूको हातबाट कष्ट पाउनुभएका येशूलाई हामीहरूले हेर्न आवश्यक छ (हिब्रू १२:१-४)। दोस्रो पक्ष भनेको राष्ट्रिय र जनस्तरमा हामी पाउँछौं। प्रतिज्ञा गरिएको परमेश्वरको

देश वा नयाँ स्वर्ग  र नयाँ पृथ्वीमा यात्रा गराउनुहुने येशू, उहाँ नयाँ यहोशू हुनुहुन्छ। उहाँको अगुवाइमा उहाँको पछिपछि  येशूभक्तहरू हिँड्नु जरुरी छ (हिब्रू ३,४,११,१२)। तेस्रो पक्ष वा आयाम भनेको उहाँको विश्वव्यापिता हो। उहाँ नयाँ आदम हुनुहुन्छ, परमेश्वरको पुत्र हुनुहुन्छ जसबाट मानव जगतको निम्ति परमेश्वरका लक्ष्यहरू पूरा गर्नुभएको छ (हिब्रू २:५-१०, हिब्रू १२:२२-२८)।

हिब्रूको पुस्तकमा लेखिएको येशूको चित्रणले हाम्रो निम्ति परमेश्वरको प्रेमको उचाइ, चौडाइ, गहिऱ्याइ र लम्बाइलाई आकर्षितरूपमा उतारेको छ। यही येशूको चित्रण नै यस अध्ययन पुस्तकको विषयबस्तु हो। जसरी एक युवकले युवतीको चित्रमा कोरेको आँखाको नानीले येशूलाई एक टक लगाएर हेरिरहेको देखेको थियो, त्यसरी नै हिब्रूको पुस्तकको अध्ययनको सिलसिलामा येशूलाई एक टक लगाएर हेर्नेमात्र होइन उहाँप्रतिको हाम्रो प्रेम र प्रशंसा पनि धरोहरकोरूपमा बढ्दै जाओस् भन्ने यस लेखकको कामना छ। हाम्रो दाजु येशू स्वर्गमा हुनुहुन्छ भन्ने कुरामा हामी गौरब गर्न सकौं र उहाँलाई पकडि राख्न सकौं।

*फेलिक्स कोर्टेज-भालस् , आन्ड्र्यु युनिभर्सिटीको हातामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजिकल सेमिनारीको नयाँ करार लिटरेचरको सहप्राध्यापक हुनुहुन्छ। उहाँ आल्मा ग्लोरिया आलभरेजसँग विवाहको सूत्रमा बाँधिनुभएको छ। उहाँका दुई छोराछोरीहरू छन्। उहाँको छोरो हाडिक, अमेरिकाको न्य जर्सी राज्यमा पास्टरीय काम  गर्नुहुन्छ भने उहाँकी छोरी आल्मा आन्द्र्यु युनिभर्सिटीमा पुरातत्व विषयमा अध्ययन गर्दैछिन्।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | हिब्रूहरू र हामीलाई लेखिएको पत्र | १ |
| २. | हिब्रूको पत्रको सन्देश | २० |
| ३. | येशू, प्रतिज्ञा गरिएको पुत्र, | ३८ |
| ४. | येशू, हाम्रो विश्वासिलो र भरपर्दो दाजु | ५१ |
| ५. | येशू, विश्राम दिने दाता | ६४ |
| ६. | येशू, विश्वासिलो, इमान्दार र भरपर्दो पूजारी | ७९ |
| ७. | येशू, हाम्रो आत्माको अंकुश | ९१ |
| ८. | येशू, नयाँ करारको मध्यस्थकर्ता | १०६ |
| ९. | येशू, सिद्ध र निष्खोट बलि | १२२ |
| १०. | येशू, पर्दा च्याटेर देखाउनुहुने बाटो | १३९ |
| ११. | येशू, हाम्रो विश्वासको लेखक र सिद्ध... | १५२ |
| १२. | येशू, कहिल्यै नहल्लिने वा नडगमिने... | १६८ |
| १३. | भातृप्रेमले निरन्तरता पाओस् | १८४ |

## २०२२ पहिलो क्वार्टरको निम्ति मिसन कथाहरूः

साउथरन एशिया पासिफिक डिभिजनका देशहरू यस प्रथम त्रैमासिक मिसन कथाहरूमा समेतिएका छन्। यस डिभिजनले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका १४वटा देशहरूमा भएका कामहरू रेखेदेख गर्दछन्ः बङ्गालादेश, ब्रुनयी, डारुसलाम, कम्बोडिया, इन्डोनेशिया, लाओस, मलेसिया, म्यानमार, फिलिप्पिनस्, सिङ्गापुर, श्रीलङ्का, थाइलान्ड, टिमोर-लिस्ट (एशिया), भियतनाम र पाकिस्तान हुन्। ती देशहरूमा एक करोड सत्तरी लाख एडभेन्टिस्टहरू छन्।

# अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन चैत्र ११, २०७८ (मार्च २५, २०२२) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पुस १०-१६ (डिसेम्बर २५-३१) |
| २ | अध्याय २ | पुस १७-२३ (जेनवरी १-७) |
| ३ | अध्याय ३ | पुस २४- ३० (जेनवरी ८-१४) |
| ४ | अध्याय ४ | माघ १-७ (जेनवरी १५-२१) |
| ५ | अध्याय ५ | माघ ८-१४ (जेनवरी २२-२८) |
| ६ | अध्याय ६ | माघ १५-२१ (जेनवरी २९- फेब्रुअरी ४) |
| ७ | अध्याय ७ | माघ २२-२८ (फेब्रुअरी ५-११) |
| ८ | अध्याय ८ | माघ २९-फागुन ६ (फेब्रुअरी १२-१८) |
| ९ | अध्याय ९ | फागुन ७-१३ (फेब्रुअरी १९-२५) |
| १० | अध्याय १० | फागुन १४-२० (फेब्रुअरी २६-मार्च ४) |
| ११ | अध्याय ११ | फागुन २१-२७ (मार्च ५-११) |
| १२ | अध्याय १२ | फागुन २८- चैत्र ४ (मार्च १२-१८) |
| १३ | अध्याय १३ | चैत्र ५-११ (मार्च १९-२५) |